


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५६ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २९ अंक १ | साउन – असोज २०७८ | Year 29 Vol 1 | Aug. 2021 - Oct. 2021


## राष्ट्रिय वाणिज्य बैंकद्वारा थप नौ शाखा विस्तार



**काठमाडौं, १४ कात्तिक**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले थप नौ नयाँ शाखा कार्यालयहरु विस्तार गरेको छ। बागमती प्रदेश अन्तर्गत काठमाडौं जिल्लाको चन्द्रागिरी स्थित शाखा कार्यालय बलम्बु, कागेश्वरी मनोहरा स्थित शाखा कार्यालय थली, ललितपुर जिल्लाको गोदावरी स्थित शाखा कार्यालय ठैव, भक्तपुर जिल्लाको कमलविनायक स्थित शाखा कार्यालय कमलविनायक, चितवन जिल्लाको बरुवाबजार स्थित शाखा कार्यालय माडी, सिन्धुपाल्चोक जिल्ला सदरमुकाम साँगाचोकगढी स्थित शाखा कार्यालय चौतारा मा बैंकले शाखा विस्तार गरी कारोबार शुभारम्भ गरेको छ।

यसैगरी बैंकले लुम्बिनी प्रदेशमा प्युठान जिल्लाको सदरमुकाम मल्लरानी स्थित शाखा कार्यालय प्युठान र २ नं प्रदेशमा सर्लाही जिल्लाको इश्वरपुर स्थित शाखा कार्यालय बयलबास, कर्णाली प्रदेशमा शल्यान जिल्लाको शारदा न.पा., डाँडा गाउँ स्थित शाखा कार्यालय सल्यानमा शाखा विस्तार गरी कारोबार शुभारम्भ गरेको छ।

यसपछि बैंकको शाखा कार्यालयहरुको संख्या २५६ पुगेको छ। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले शाखा विस्तारबाट सर्वसाधारण एवं व्यवसायी उद्यमीहरुको वित्तीय पहुंचमा थप सघाउ पुगि आधुनिक बैंकिङ्ग सेवा पाउने विश्वास व्यक्त गर्नुभयो। बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २५६ वटा शाखा कार्यालय, २१८ वटा एटिएम र ९८ वटा शाखा रहित बैंकिङ्ग रहेको छ।

## सम्माननीय सभामुखद्वारा चौतारा शाखाको समुद्घाटन

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले सिन्धुपाल्चोक जिल्लाको सदरमुकाम चौतारा साँगाचोकगढी स्थित शाखा कार्यालय चौतारा विस्तार गरी कारोबार शुभारम्भ गरेको छ। प्रतिनिधि सभाका सभामुख सम्माननीय अग्निप्रसाद सापकोटाले ताम्रपत्र अनावरण गरी बैंकको चौतारा शाखा कार्यालय एवं एटिएम सेवाको कातिक १४ गते विधिवत रुपमा समुद्घाटन गर्नुभएको हो।

उक्त अवसरमा प्रतिनिधि सभाका सभामुख सम्माननीय अग्निप्रसाद सापकोटाले राष्ट्रिय वाणिज्य बैंकमा बैंकिङ्ग कारोबार गर्दा विश्वसनीय, सस्तो र सहज भएकाले नागरिकले बैंकसंग कारोबार गरी सरकारलाई सहयोग गर्नुपर्ने बताउनुभयो। उहांले अबको युग डिजिटल प्रविधिको प्रयोग तर्फ गईरहेकाले डिजिटल बैंकिङ्ग कारोबारबाट हुने जोखिमलाई न्यूनिकरण गर्दै डिजिटल बैंकिङ्गमा जोड दिनुपर्ने बताउनुभयो। बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले आम नागरिकलाई आधुनिक बैंकिङ्ग सेवा प्रवाह गर्दै सरकारी नीति तथा कार्यक्रममलाई सघाउ पुग्ने गरी प्राथमिकताका साथ कार्य गरिरहेको बताउनुभयो।

कार्यक्रममा चौतारा साँगाचोकगढीका नगर प्रमुख अमानसिंह तामाङ्ग, वडा नम्बर ५ का अध्यक्ष नरमान श्रेष्ठ, प्रमुख जिल्ला अधिकारी वेद निधि खनाल, प्रतिनिधि सभाका सभामुखका स्वकिय सचिव सागर के.सी., बैंकका विभागीय प्रमुख सरोज वस्नेत, उपप्रबन्धक जितेन्द्रसिंह थापा, शाखा प्रबन्धक रत्ना शाक्य, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, कर्मचारीहरु, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलका प्रमुखहरु लगायत अन्य स्थानीय संघसस्थाका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
## को आ.व. २०७७/७८ मा तीन अर्ब ७९ करोड मुनाफा




**काठमाडौं, ३० साउन**

नेपाल सरकारको स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०७७/७८ को चौथो त्रैमाससम्मको वित्तीय विवरणहरु प्रकाशित भएको छ। बैंकले यस अवधिमा रु. ३ अर्ब ७९ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ। गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा ४ अर्ब ३७ करोड रुपैंया रहेको थियो। यस अवधिमा बैंकले कोभिड-१९ बाट प्रभावित ग्राहकहरुलाई प्रचलित ब्याज रकममा १० प्रतिशत छुट दिएको, बैंकको कर्जा सापटको ब्याजदर उल्लेखनीय रुपमा घटाएको र निक्षेप तर्फ आकर्षक व्याज प्रदान गरिएको कारण खुद व्याज आम्दानीमा कमी आएकोले खुद मुनाफा घट्न गएको छ।

आ.व. २०७७/७८ को बैंकको खुद ब्याज आम्दानी रु. ८ अर्ब २४ करोड (गत वर्ष रु. ९ अर्ब ४५ करोड), कुल संचालन आम्दानी रु. ९ अर्ब ७६ करोड (गत वर्ष रु. १० अर्ब ७० करोड), संचालन नाफा रु. ५ अर्ब ९ करोड (गत वर्ष रु. ५ अर्ब ९४ करोड), कूल समग्र आम्दानी (Total Comprehensive Income) रु. ६ अर्ब ३७ करोड (गत वर्ष रु. २ अर्ब ४८ करोड) तथा वितरणयोग्य मुनाफा रु. ४ अर्ब ५२ करोड (गत वर्ष रु.४४ करोड ७७ लाख) रहेको छ। यस अवधिमा बैंकको खुद नाफामा कमी आएको भएतापनि बैंकको लगानीमा भएको मूल्य अभिवृद्धिको कारण समग्र आम्दानी तथा वैधानिक जगेडा कोषबाट रकम ट्रान्सफर भएकोले वितरण


थप समाचार पृष्ट ४ ▶▶



२०७८ सालको बडा दशैं, तिहार, नेपाल सम्वत् ११४२, छठ पर्व, ल्होसार लगायत समस्त नेपाली चाडपर्वहरूका उपलक्ष्यमा हाम्रा सम्पूर्ण शेयरधनी, ग्राहक वर्ग तथा शुभेच्छुकहरूमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

# राष्ट्रिय वाणिज्य बैंक र युएनडिपी नेपालबीच रकम भुक्तानी गर्ने सम्बन्धमा सम्झौता

**काठमाडौं,१ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम(युएनडिपी) नेपाल बीच प्रयास कार्यक्रम अन्तर्गत सिमान्तकृत घरधुरीहरुलाई रकम भुक्तानी गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र युएनडिपी नेपालका आवासीय प्रतिनिधि आइसानी मेडागंगोडा लावेले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पछि युनडिपीको प्रयास कार्यक्रम अन्तर्गत पहिचान भएका सिमान्तकृत घरधुरीहरुलाई युनडिपीले उपलब्ध गराउने रकम बैंकले बैंक खाता मार्फत भुक्तानी गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले जनताको जीवनस्तरमा परिवर्तन आउने गरी गरिएको यस कार्यक्रमबाट सहयोग प्राप्त गर्ने घरधुरीहरु मध्ये उद्यमी गर्न चाहने विपन्न उद्यमीहरुलाई बैंकले सहूलियपूर्ण कर्जा लगानी गर्न सकिने बताउनुभयो । युएनडिपी नेपालका आवसीय प्रतिनिधि आइसानी मेडागंगोडा लावेले पहिलोपटक



बाजुरा, कैलाली, सिरहा, सप्तही, रौतहट र स्याङ्जा जिल्लाका दुई हजार पाँच सय घरधुरीहरुलाई युएनडिपीको प्रयास कार्यक्रम अन्तर्गत गर्न लागिएको आर्थिक सहयोगले उनिहरुको जिविकोपार्जनमा सहयोग पुग्ने बताउनुभयो ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका उपकार्यकरी अधिकृत देवेश प्रसाद लोहनी, विभागीय प्रमुखहरु, कम्पनी सचिव, युएनडिपी नेपालका सहायक आवसीय प्रतिनिधि बलराम पौडेल, सल्लाहकार विन्दा मगर, लगायतको उपस्थिति रहेको थियो । ब्रान्च अपरेशन विभागका प्रमुख सरोज बस्नेतले कार्यक्रम संचालन गर्नुभएको थियो ।

# उर्जा बचत कार्य गरे वापत रा.वा.बैंकद्वारा चार कम्पनीलाई अनुदान रकम हस्तान्तरण

**काठमाडौं, २४ भदौ**

राष्ट्रिय वाणिज्य बैंकद्वारा जर्मन सरकारबाट KFW बैंक मार्फत प्राप्त अनुदान सहयोगमा संचालित 'Energy Efficiency Program Nepal' को अनुदान सहयोग कार्यक्रम अर्न्तगत बिहिबार रकम हस्तान्तरण गरेको छ । बैंकले प्रगति टेक्सटाइल इन्डष्ट्रिज प्रा.लि. लाई एक करोड रुपैंया, प्रिमियर वायर्स प्रा.लि. लाई ९३ लाख ६० हजार तीन सय बीस रुपैंया, हुलास स्टील इन्डष्ट्रिज प्रा.लि. लाई ६४ लाख ३७ हजार दुई सय ३१ रुपैया र सालीमार मेटल्स प्रा.लि.लाई ३२ लाख ८ हजार ८ सय रुपैया रकम हस्तान्तरण गरेको छ । मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी कम्पनीहरुले यन्त्र उपकरण जडान गरेको हुंदा स्विकृत अनुदान कार्यविधि अनुसार अनुदान सहयोग सम्झौता आदान प्रदान तथा अनुदान रकमको चेक एक समारोहका बिच हस्तान्तरण गरिएको हो ।

नेपालका लागि जर्मन राजदुतवास विकास सहयोगका उपप्रमुख सिमोन म्याक्समिलन हिन्केले चेक हस्तान्तरण गर्नुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलेले सम्झौतापत्र आदानप्रदान गर्दै अन्य उद्योगहरुलाई उर्जा बचत गर्ने कार्यमा लगानी गरी यस कार्यक्रममा सहभागी हुन आव्हान गर्नुभयो । उहांले हालसम्म २१ वटा उद्योगहरुलाई ९ करोड ९२ लाख रुपैया भन्दा बढी अनुदान रकम हस्तान्तरण गरिसकेको बताउनुभयो ।

नेपाल सरकार र जर्मन सरकार बिच सन् २०१३ मा नेपालको औद्योगिक तथा व्यापारिक क्षेत्रमा मितव्ययी तथा प्रभावकारी उर्जा बचत गर्ने सम्झौता बमोजिम राष्ट्रिय वाणिज्य बैंकले 'Energy Efficiency Program Nepal' आयोजना कार्यन्वयनको लागि Project Executing Agency (PEA) को रुपमा सहायता सम्बन्धी कार्य गर्ने गरेको छ ।

यस आयोजना अन्तर्गत नेपालमा संचालित ठूला, साना तथा मझौला उद्योग र फर्महरुलाई मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने



गरी यन्त्र उपकरण जडान गर्दा जर्मन सहायताबाट प्राप्त हुने रकमबाट लागतको १५ देखि ३९ प्रतिशत सम्म अनुदान रकम राष्ट्रिय वाणिज्य बैंक मार्फत उपलब्ध गराइने छ । यस आयोजना अन्तर्गत कुनै एक ईकाइले मितव्ययी तथा प्रभावकारी उर्जा बचत हुने गरी यन्त्र उपकरणमा लगानी गरेमा स्विकृत अनुदान कार्यविधि भित्र रही अधिकतम रु. १ करोड सम्मको सहायता रकमका लागि दरखास्त दिन पाइनेछ ।

उक्त समारोहमा NEEP/GIZ का प्रमुख सल्लाहकार फ्राङ्क बुमर, KFW काठमाडौंका प्रतिनीधि निरज सुवेदी, बैंकका नायब पमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुख विनयरमण पौडेल, उप प्रबन्धक होमराज भट्टराई, एडेल्फीका कन्सल्टेण्ट ज्ञानेन्द्र उपाध्याय, अनुदान रकम प्राप्त गर्ने कम्पनीका अधिकारीहरु क्रमश: प्रदिप निरौला, प्रशान्त नेपाल, सन्दीप खडका, विजयसिंह बैद्य लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा क्रेडिट कार्ड सेवाको शुभारम्भ

**काठमाडौं, २६ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ग्राहकवर्गको बदलिदो चाहनालाई सम्बोधन गर्न एवं नगद कारोबारमा रहेको जोखिमलाई न्यूनिकरण गर्न क्रेडिट कार्ड(Credit Card) सेवाको शुभारम्भ गरेको छ । बैंक संचालक समितिका अध्यक्ष रामशरण पुडासैनीले बैंकका ग्राहक एवं एशियन लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्ष दिपककुमार श्रेष्ठलाई एक कार्यक्रमका बीच क्रेडिट कार्ड हस्तान्तरण गर्दै सेवाको शुभारम्भ गर्नुभएको छ ।


समारोहमा बैंक संचालक समितिका अध्यक्ष रामशरण पुडासैनीले ग्राहकको चाहना अनुसार नयाँ-नयाँ बैंकिङ्ग प्रोडक्टको अनुसन्धान गर्नुपर्ने बताउँदै यस्तो सेवाले ग्राहकवर्गको आर्थिक कारोबारमा सहजता हुने बैंकले विश्वास लिएको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले क्रेडिट कार्डको शुभारम्भ पछि पूर्ण डिजिटल बैंकिङ्ग तर्फ बैंक अगाडि बढिरहेको बताउनुहुँदै नेपाल, भारत र भुटानमा चल्ने यो सेवा बैंकका सबै शाखा कार्यालयबाट माग गर्न सकिने बताउनुभयो । एशियन लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्ष दिपककुमार श्रेष्ठले रा.वा.बैंकको पहिलो क्रेडिट कार्ड ग्राहक हुन पाउंदा खुसी लागेको बताउंदै बैंकको व्यवसाय विस्तारको लागि शुभकामना व्यक्त गर्नुभयो ।

समारोहमा उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीले प्रतिस्पर्धी बजारमा सस्तो ब्याजदरमा दिइने क्रेडिट कार्ड ग्राहकको आयश्रोत एवं भुक्तानी क्षमताको आधारमा ग्राहकलाई २० हजार देखि पाँच लाख रुपैंयासम्मको क्रेडिट लिमिट दिन सकिने बताउनुभयो । डिजिटल बैंकिङ्ग विभागका प्रमुख ऋषिराम ढकालले क्रेडिट कार्डबाट ग्राहकले दैनिक रकम भुक्तानी, अनलाइन सपिङ्ग, तोकिएको सीमा भित्र रहेर नगद समेत झिक्न मिल्ने सुविधा रहेको बताउनुभयो ।

उक्त समारोहमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृत सरस्वती अधिकारी, विभागीय प्रमुखहरु, बैंकमा क्रियाशिल ट्रेड युनियनका अध्यक्षहरु लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।




# शाखा प्रबन्धक स्तरीय लक्ष्य प्रगति समीक्षा गोष्ठी भर्चुअल माध्यमबाट सम्पन्न



**काठमाडौं, १३ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड ब्रान्च अपरेशन विभागको आयोजना र प्रादेशिक कार्यालयहरुको संयोजनमा सातवटै प्रदेशमा शाखा प्रबन्धक स्तरीय लक्ष्य प्रगति समीक्षा सम्बन्धी भर्चुअल माध्यमबाट गोष्ठी सम्पन्न भएका छन् । सो गोष्ठीमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले भर्चुअल गोष्ठीहरु परम्परावादी र कर्मकाण्डी होईनन्, समीक्षा गर्ने, छलफल गर्ने परिणामा निकाल्ने खालका हुनु पर्दछ । श्रेष्ठले बैंकलाई उत्कृष्ट र प्रतिष्पर्धी बनाउनको लागि केवल दश पाँचको जागिरले मात्र सम्भव हुँदैन भन्ने कुरालाई गभिंर रुपमा लिनुपर्ने बताउनुभयो । उहांले सिमित साधन र श्रोत, अति न्यून जनशक्ति अभावका बावजुत आईपरेका सबै समस्याहरुलाई समाधान र व्यवस्थापन गर्दै लक्ष्य हासिल गर्न सक्ने व्यक्ति नै एउटा सफल प्रबन्धक हो भन्दै आजका समस्याहरुलाई समाधान गरेता पनि भोलि पुन: नंया समस्याहरु आउने भएकोले चनाखो भएर समाधानका उपायहरु पहिल्याउनु पर्ने बताउनुभयो । उहांले कोभिड-१९ को महामारीको बेलामा पनि बैंकिङ्ग सेवामा अहोरात्र खटेर लक्ष्य हासिल गर्न सफल हुनु भएकोमा सबै कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

गोष्ठीमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कबिराज अधिकार, उपकार्यकारी अधिकृतहरु सरस्वती अधिकारी, देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, प्रादेशिक प्रबन्धकहले उठेका विषयबस्तु उपर छलफल गर्दै सुझाब दिनुभएको थियो । गोष्ठीमा हरेक शाखाका प्रबन्धकहरुले शाखाका विविध पक्षका बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो भने ब्रान्च अपरेशन विभागका प्रमुख सरोज बस्नेतले कार्यक्रम संचालन गर्नुभएको थियो । प्रदेशगत रुपमा संचालन भएको गोष्ठी प्रविधिको प्रयोग गरी बैंकको केन्द्रीय कार्याबाट भर्चुअल माध्यमबाट गत साउन २७ गते देखि भदौ १२ गतेसम्म हरेक सप्ताह संचालन गरिएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकको Point of Sale (POS) कारोबारमा क्यास ब्याक अफर




**काठमाडौं, १२ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले २०७८ सालको दशैं, तिहार, नेपाल सम्वत् एवं छठ लगायतको पर्वलाई मध्यनजर गर्दै विद्युतीय कारोबारलाई प्रोत्साहन गर्न Point of Sale (POS) को माध्यमवाट प्रति कारोबार रु.१,०००।- वा सो भन्दा बढीको Card Swipe गर्दा क्यास ब्याक हुने अफर ल्याएको छ । यो योजना आगामी २०७८ असोज २१ गते देखि २०७८ कार्तिक २४ गतेसम्म लागू हुने छ ।

देशभर विभिन्न व्यवसायहरुमा रहेको POS को माध्यमबाट राष्ट्रिय वाणिज्य बैंकको कार्डबाट रा.वा.बैंककै Card Swipe गरी रकम भुक्तानी गर्दा कारोबारमा क्यास ब्याक हुने छ । यस अन्तर्गत ३ देखी ५ पटकको Card Swipe मा ५% अधिकतम क्यास ब्याक वा रु.५००।-, ६ देखी १० पटकको Card Swipe मा १०% अधिकतम क्यास ब्याक वा रु.७५०।-, ११ देखी १५ पटकको Card Swipe मा १५% अधिकतम क्यास ब्याक वा रु.१,०००।- मध्ये जुन कम हुन्छ सो वराबरको रकम क्यास ब्याक हुने छ ।

# राष्ट्रिय वाणिज्य बैंकको ऋणपत्र नेपाल स्टक एक्सचेञ्जमा सूचीकृत



**काठमाडौं, २८ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको 8.5% RBBL Debenture, 2083 नामको ऋणपत्र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार हुन सक्ने गरी सूचीकरण गर्ने सम्झौता सम्पन्न भएको छ । उक्त सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठ र नेपाल स्टक एक्सचेञ्ज लिमिटेडका निमित्त प्रमुख कार्यकारी अधिकृत निरन्जन फुयालले हस्ताक्षर गर्नुभएको छ ।

बैंकले ६ वर्ष अवधि भएको वार्षिक ८।५० प्रतिशत ब्याजदरको कुल २ अर्ब ५० करोड रुपैंया (२५ लाख कित्ता) मूल्य बराबरको ऋणपत्र बिक्री गत जेठ २८ गते देखि असार ८ गतेसम्म बिक्री गरेको थियो । यस ऋणपत्रको ब्याज अर्धवार्षिक रुपमा भुक्तानी गरिनेछ ।

उक्त सम्झौतापत्र आदानप्रदान कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृतद्वय सरस्वती अधिकारी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुख पवन रेग्मी, नेपाल स्टक एक्सचेञ्जका प्रविन पन्दाक, भेष लराज खनाल, आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका प्रमुख कार्यकारी अधिकृत बद्रिप्रसाद प्याकुरेल लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ...

योग्य मुनाफामा उल्लेखनीय वृद्धि भएको छ ।

२०७८ आषाढ मसान्तमा बैंकको ग्राहक निक्षेप रु.२ खर्ब ६४ अर्ब र खुद कर्जा तथा सापट रु. १ खर्ब ९४ अर्ब पुगेको छ । अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा १४.३७ प्रतिशत र कर्जा तथा सापटमा २५ प्रतिशतले वृद्धि भएको छ । आ.व. २०७७/७८ मा बैंकको शेयरधनी कोष रु. ७ अर्ब १५ करोडले वृद्धि भई रु. ३० अर्ब १८ करोड र कुल सम्पत्ति रु.४४ अर्ब रुपैंयाले वृद्धि भई रु. ३ खर्ब १० अर्ब पुगेको छ ।

२०७८ आषाढ मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) १४.३१ प्रतिशत, कर्जा तथा निक्षेप र पुंजी अनुपात (CCD Ratio) ६६.८१ प्रतिशत, आधार दर (Base Rate) ५.४१ प्रतिशत, निष्क्रिय कर्जा अनुपात (NPA) ३.०७ प्रतिशत, ब्याजदर अन्तर (Spread Rate) ४.३७ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ३.२४ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.४१.३२ रहेको छ ।

आ.व.२०७७/७८ को चौथो त्रैमाससम्मको समीक्षा अवधिमा बैंकले खुद मुनाफा, वितरणयोग्य नाफा, कर्जा, निक्षेप, शेयरधनी कोष, कर्जाको गुणस्तर लगायत समग्र व्यावसायिक नतिजाहरुमा उत्साहजनक प्रगति हासिल गर्न सफल भएको छ भने नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सूचकाङ्कहरु परिपालना गर्न तथा प्रमुख परिसूचकहरुमा सुविधाजनक स्थिति कायम गर्न सफल भएको छ ।

बैंकको उपरोक्त सफलताको लागि उल्लेखनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

# रा.वा. बैंक, राष्ट्रिय युवा परिषद् र चैनपुर न.पा.बीच सम्झौता युवालाई उद्यमशीलता विकास र वित्तीय साक्षरताको तालिम संचालन गरिने



**काठमाडौं, २९ भदौ**

युवालाई उद्यमशीलताको मार्गदर्शन गराई उद्यमशीलताको विकास र वित्तीय साक्षरताको तालिम कार्यक्रम संचालन गर्ने सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र राष्ट्रिय युवा परिषद् र चैनपुर नगरपालिका( संखुवासभा जिल्ला) बीच काठमाडौंमा सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, राष्ट्रिय युवा परिषद् का कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेल र चैनपुर नगरपालिका प्रमुख भरतकुमार खत्रीले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पछि राष्ट्रिय युवा परिषद्ले नगरपालिका भरिका १६ देखि ४० वर्षसम्मका १०० जना युवाहरुलाई उद्यमशीलता विकासको लागि उद्यमशीलता विकास र वित्तीय साक्षरता सात दिने तालिम कार्यक्रम संचालन गर्नेछ । साथै, तालिम प्राप्त उद्यमीहरुलाई आवश्यकता अनुसार बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा लगानी गर्ने छ ।

कार्यक्रममा परिषद्का प्रशासकिय प्रमुख डा. बाबुराम ढुङ्गाना, बैंकका उपकार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु राज्य लक्ष्मी खड्गी, सरोज वस्नेत, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो ।

# एनडिपीको नमस्ते पे सञ्चालन




**काठमाडौं, २८ भदौ**

नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडले मोबाइल वित्तीय सेवा मार्फत वित्तीय पहुँचको विस्तार गर्न तथा डिजिटल नेपालको अवधारणा साकार पार्न सघाउ पुऱ्याउने उद्देश्यले नमस्ते पे मोबाईल वित्तीय सेवाको प्रथम चरणको व्यावसायिक शुभारम्भ गरेको छ । यस अघि २०७६ वैशाख १९ गते तत्कालीन प्रधानमन्त्री सम्माननीय केपी शर्मा ओलीको समुपस्थितिमा नेपाल टेलिकम र राष्ट्रिय वाणिज्य बैंक बीच भएको औपचारिक समझदारीको फलस्वरूप मिति २०७७ श्रावण १३ मा विधिवत रुपमा नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको सुरुवात गरिएको थियो ।

सो कार्यक्रममा नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवम् नेपाल टेलिकम सञ्चालक समितिका अध्यक्ष डा. बैकुण्ठ अर्याल, राष्ट्रिय बाणिज्य बैंक सञ्चालक समितिका अध्यक्ष राम शरण पुडासैनी, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनाल, नेपाल टेलिकम तथा राष्ट्रिय बाणिज्य बैंकका प्रमुख तथा सञ्चालक समितिका सदस्य तथा उच्चपदस्थ पदाधिकारीहरु, नेपाल डिजिटल पेमेन्ट्स कम्पनीका अध्यक्ष राजेन्द्र अर्याल लगायत सञ्चालकहरू, डिजिटल भुक्तानीको क्षेत्रमा काम गर्ने संस्थाहरूका प्रतिनिधिहरू लगायतको उपस्थितिमा सञ्चालित सो कार्यक्रममा नमस्ते पे वालेट सेवाको लोगो अनावरण, एण्ड्रोइड मोबाइल एप अनावरण तथा ५०० शर्टकोड युएसएसडिबाट सो सेवा प्रयोग समेतको शुरुवात गरिएको थियो ।

# कर्मचारी संघको ३२ औं वार्षिकोत्सब कार्यक्रम




**काठमाडौं, ६ साउन**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको ३२औं वार्षिकोत्सवको कार्यक्रम विविध कार्यक्रमका बीच सम्पन्न भएको छ । ३२ औं वर्षिकोत्सव अवसरमा संघका कार्यवाहक अध्यक्ष रामप्रसाद जोशीले वृक्षारोपण तथा संघको झण्डोत्तलन गर्नुभएको छ ।

३२ औं वर्षिकोत्सवको अवसरमा आयोजित रक्तदान कार्यक्रममा संघका का.वा. अध्यक्ष रामप्रसाद जोशीले रक्तदानको ब्लड ब्याग कार्यक्रमका प्रमुख अतिथि एवं बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठलाई हस्तान्तरण गर्नुभयो । त्यसपश्चात प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले विभागीय प्रमुख विनयरमण पौडेललाई ब्लड ब्याग हस्तान्तरण गरेर सुरु गरिएको रक्तदान कार्यक्रममा ६७ जना बैंक कर्मचारीहरुले रक्तदान गर्नुभएको थियो। वार्षिकोत्सवको अवसरमा संघले मामाघर नेपाल मकवानपुरलाई आर्थिक सहयोग गर्ने भएको छ । वर्षिकोत्सवका विविध कार्यक्रम संघका विभिन्न क्षेत्रीय समितिहरुमा समेत संचालन गरिएको थियो ।

संघका महासचिव लक्ष्मीप्रसाद पाण्डेयले संचालन गर्नुभएको रक्तदान कार्यक्रममा रक्तदान कार्यक्रमका संयोजक बद्रीप्रसाद तिमिल्सिना, कार्यकारीणी समितिका पदाधिकारीहरु, केन्द्रीय समिति तथा क्षेत्रीय समितिका पदाधिकारीहरु, नेपाल वित्तीय संस्था कर्मचारी संघ नेपाल रा.वा.बैंकका अध्यक्ष गगनसिंह घिमिरे, रा.वा.बैंक राष्ट्रिय कर्मचारी संगठन नेपालका अध्यक्ष दिपेन्द्र कार्की तथा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, देवेन्द्ररमण खनाल, विभागीय प्रमुखहरु, कम्पनी सचिव, उपप्रमुखहरु, शाखा प्रबन्धकहरु तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## निबन्ध प्रतियोगिता आयोजना

हरितालिका तीज २०७८ को अवसरमा रा.वा.बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागद्वारा आयोजित निबन्ध प्रतियोगितामा प्रथम सुष्मा ज्ञवाली, द्धितीय प्रकृति पौडेल, तृतीयद्धय गोबिन्द पराजुली र रिना मानन्धर हुनु भएको छ । विजयी कर्मचारीहरुलाई एक कार्यक्रमका बीच नगद पुरस्कार, प्रमाणपत्र प्रदान गरिएको छ ।

**यूनियन गतिविधि**

# नेपाल राष्ट्रिय कर्मचारी संगठनको चौथो महाधिवेशन सम्पन्न



**काठमाडौं, २८ भदौ**

नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंक को चौथो महाधिवेशन ने.क.पा. (माओवादी केन्द्र) स्थायी समिति सदस्य तथा कर्मचारी फ्र्याक्सन ईन्चार्ज एवं उर्जा तथा जलस्रोत मन्त्री माननीय पम्फा भुषालको प्रमुख आतिथ्यमा काठमाडौंमा सम्पन्न भएको छ । महाधिवेशनले दिपेन्द्र कार्की अध्यक्ष तथा उभार पाण्डे महासचिव रहने गरी ५१ सदस्यीय केन्द्रीय समिति सर्वसम्मत रुपमा चयन गरेको छ ।

संगठनका अध्यक्ष दिपेन्द्र कार्कीको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा ने.क.पा.(माओवादी केन्द्र)का केन्द्रीय सदस्य हरि दाहाल, नेपाल राष्ट्रिय कर्मचारी महासंघका सह संयोजकद्वय मणिरत्न श्रेष्ठ र मोहनमान स्वार, नेपाल राष्ट्रिय कर्मचारी महासंघका सचिवालय सदस्य तथा बैंक तथा वित्तीय संस्थाका फ्राक्सन ईन्चार्ज घनस्याम अधिकारी, नेपाल राष्ट्रिय कर्मचारी महासंघका सचिवालय सदस्य प्रेम प्रसाद खनाल, राष्ट्रिय वाणिज्य बैंक संचालक समितिका अध्यक्ष रामशरण पुडासैनी, प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । त्यस्तै कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतद्वय देवेशप्रसाद लोहनी, देवेन्द्ररमण खनाल, नेपाल राष्ट्रिय कर्मचारी संगठनका भूतपूर्व अध्यक्षहरु, बैंकमा कृयाशिल ट्रेड युनियनका अध्यक्षहरुको समेत शुभकामना व्यक्त गर्नुभएको थियो ।

मानव संशाधन

# मिति २०७८।०५।१३ देखि २०७८।०६।०१ गते सम्म भएका सरुवा तथा पदस्थापन विवरण

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री ऋषभ भट्टराई | ११७६ | १ नं. प्रदेश कार्यालय | कृषि तथा सा.बैं.विभाग | विभागीय प्रमुख |
| २ | श्री विश्व प्रकाश ज्ञवाली | ११८३ | २ नं. प्रदेश कार्यालय | सिकाई तथा विकास विभाग | विभागीय प्रमुख |
| ३ | श्री कमलेश ठाकुर | १२४३६ | मार्केटिङ्ग विभाग | २ नं. प्रदेश कार्यालय | प्रादेशिक प्रबन्धक |
| ४ | श्री आनन्द सुवेदी | १११९८ | लुम्बीनी प्रदेश कार्यालय | भुक्तानी तथा फर्स्यौट विभाग | विभागीय प्रमुख |
| ५ | श्री दिनेश गौतम | १११६६ | योजना, व्यव.सू.प्र.विभाग | लुम्बिनी प्रदेश कार्यालय | प्रादेशिक प्रबन्धक |
| ६ | श्री राम कुमार थापा | १२४३७ | कर्णाली प्रदेश कार्यालय | योजना, व्यव.सू.प्र.विभाग | विभागीय प्रमुख |
| ७ | श्री शिव प्रसाद चालिसे | ११२२३ | ब्रान्च अपरेशन विभाग | कर्णाली प्रदेश कार्यालय | प्रादेशिक प्रबन्धक |
| ८ | श्री राज्य लक्ष्मी खड्गी | १११६४ | कृषि तथा सा.बैं.विभाग | उपभोक्ता बैंकिङ्ग विभाग | विभागीय प्रमुख |
| ९ | श्री दिपक राज न्यौपाने | १११७१ | सिकाई तथा विकास विभाग | १ नं. प्रदेश कार्यालय | प्रादेशिक प्रबन्धक |
| १० | श्री पद्या लक्ष्मी जि.सी. | ११२०४ | उपभोक्ता बैंकिङ्ग विभाग | मार्केटिङ्ग विभाग | विभागीय प्रमुख |
| ११ | श्री शंकर प्रसाद रेग्मी | ११०७६ | बरगाछी | ब्रान्च अपरेशन विभाग | प्रबन्धक |
| १२ | श्री अर्जुन ढङ्गाना | ११५७७ | बेलवारी | देवकोटाचोक | शाखा प्रबन्धक |
| १३ | श्री नारायण पण्डित | ११६३१ | बेल्टार | कटारी | शाखा प्रबन्धक |
| १४ | श्री रबिन श्रेष्ठ | ११४५३ | भोजपुर | प्रस्त.शा.का.ठैव | शाखा प्रबन्धक |
| १५ | श्री युवराज उप्रेती | ११०९५ | दमक | धरान | शाखा प्रबन्धक |
| १६ | श्री बरुण कुमार कर्ण | ११०९३ | देवकोटाचोक | ईटहरी | शाखा प्रबन्धक |
| १७ | श्री हरि बाबु आचार्य | ११११० | धरान | कृषि, सा. बैंकिङ्ग विभाग | प्रबन्धक |
| १८ | श्री बिष्णु भट्टराई | १२०६८ | दिङ्ला | शिवगन्ज | शाखा प्रबन्धक |
| १९ | श्री सुमन आचार्य | ११५८१ | दुहवी | इनरुवा | शाखा प्रबन्धक |
| २० | श्री लाक्पा डिकी शेर्पा | १२२२९ | ईलामबजार | मार्केटिङ्ग विभाग | सहायक प्रबन्धक |
| २१ | श्री पेशल कुमार ढङ्गाना | ११५७६ | ईनरुवा | दुहवी | शाखा प्रबन्धक |
| २२ | श्री सन्तोष लम्साल | ११०८२ | ईटहरी | आ.ले.प. | प्रबन्धक |
| २३ | श्री पारस कुमार प्रधानाङ्ग | ११४४३ | कटहरी | १ नं. प्रदेश कार्यालय | सहायक प्रबन्धक |
| २४ | श्री ईश्वर श्रेष्ठ | ११४७१ | कटारी | बेल्टार | शाखा प्रबन्धक |
| २५ | श्री अनिश कुमार रायमाझी | ११४५१ | खाँदवारी | गाईघाट | शाखा प्रबन्धक |
| २६ | श्री इन्द्रा यादव | १२४४४ | महेन्द्रचोक | १ नं. प्रदेश कार्यालय | प्रबन्धक |
| २७ | श्री ज्ञानेन्द्र कुमार बल | ११८७८ | मानेभन्ज्याङ्ग | भोजपुर | शाखा प्रबन्धक |
| २८ | श्री द्वारीका दाहाल | ११९३८ | पशुपतिनगर | ईलामबजार | शाखा प्रबन्धक |
| २९ | श्री तारा प्रसाद सापकोटा | ११६२३ | फिदिम | बरगाछी | शाखा प्रबन्धक |
| ३० | श्री खगेन्द्र कन्दङ्वा | १२२५६ | शिवगन्ज | फिक्कल | शाखा प्रबन्धक |
| ३१ | श्री राजु काफ्ले | ११५८२ | उर्लावारी | महेन्द्रचोक | शाखा प्रबन्धक |
| ३२ | श्री ज्योती दाहाल | ११५०८ | १ नं. प्रदेश कार्यालय | उर्लावारी | शाखा प्रबन्धक |
| ३३ | श्री गुरु प्रसाद राई | १२३९७ | भद्रपुर | खाँदवारी | शाखा प्रबन्धक |
| ३४ | श्री विवेक दाहाल | १२५१७ | फिक्कल | बयलवास | शाखा प्रबन्धक |
| ३५ | श्री बिनोद राई | १२६१८ | हाङ्गपाङ्ग | बयरबन | शाखा सहायक प्रबन्धक |
| ३६ | श्री सुनिल कुमार उराउ | १२६११ | वयरबन | हाङ्गपाङ्ग | शाखा प्रबन्धक |
| ३७ | श्री प्रवेश खड्की | १२२४३ | फिदिम | फिदिम (पदस्थापन) | शाखा प्रबन्धक |
| ३८ | श्री प्रतिमा निरौला | १२११८ | फिदिम | फिदिम (पदस्थापन) | शाखा सहायक प्रबन्धक |
| ३९ | श्री छविराम लुइटेल | १२२३२ | दमक | पशुपतिनगर | शाखा प्रबन्धक |
| ४० | श्री हेमन्त सुवेदी | ११५३१ | बालाजु | मानेभन्ज्याङ्ग | शाखा प्रबन्धक |
| ४१ | श्री बलराम राई | १२२५७ | बाक्सिला | धुलिखेल | शाखा सहायक प्रबन्धक |
| ४२ | श्री आनन्द भट्टराई | १२५९५ | दिङ्ला | बाक्सिला | शाखा प्रबन्धक |
| ४३ | श्री भीम प्रसाद गौतम | १२६२१ | दिङ्ला | दिङ्ला (पदस्थापन) | शाखा सहायक प्रबन्धक |
| ४४ | श्री गिता राई | १३२२० | दिङ्ला | दिङ्ला (पदस्थापन) | नगद सहायक |
| ४५ | श्री पवन कुमार कुशवाहा | १२१८१ | बलरा | मौलापुर | शाखा प्रबन्धक |
| ४६ | श्री लाल बहादुर ठोकर | ११६२६ | बर्दिवास | सिन्धुली | शाखा प्रबन्धक |
| ४७ | श्री अरविन्द कुमार झा | १२२०१ | गन्जभवानीपुर | गरुडाबजार | शाखा प्रबन्धक |
| ४८ | श्री घनश्याम कटवाल | ११६३६ | गरुडाबजार | निजगढ | शाखा प्रबन्धक |
| ४९ | श्री सुरज पोखरेल | ११६७० | हनुमाननगर | देवकोटाचोक | बरिष्ठ सहायक |
| ५० | श्री शिव शंकर यादव | १२२६१ | जलेश्वर | सिरहा | शाखा प्रबन्धक |
| ५१ | श्री रन्जिता कुमारी | ११५८४ | जनकपुर | लाहान | शाखा प्रबन्धक |
| ५२ | श्री विवेक कुमार श्रीवास्तव | १२०७० | कलैया | २ नं. प्रदेश कार्यालय | सहायक प्रबन्धक |
| ५३ | श्री भोला कुमार कार्की | १११०२ | लाहान | २ नं. प्रदेश कार्यालय | प्रबन्धक |
| ५४ | श्री रोम प्रसाद सिलवाल | ११५९३ | लालबन्दी | नारायणगढ | शाखा प्रबन्धक |
| ५५ | श्री जिवन बैठा | ११६५१ | मौलापुर | बलरा | शाखा प्रबन्धक |
| ५६ | श्री दिपक प्रसाद पौडेल | ११५९४ | निजगढ | बर्दिवास | शाखा प्रबन्धक |
| ५७ | श्री प्रदिप कुमार झा | ११५९९ | पिडारीचोक | लालबन्दी | शाखा प्रबन्धक |
| ५८ | श्री उमेश नेपाल | ११६२७ | राजबिराज | दमक | शाखा प्रबन्धक |
| ५९ | श्री ईश्वरी प्रसाद ढङ्गेल | १०९१९ | श्रीपुर | धुलिखेल | शाखा प्रबन्धक |
| ६० | श्री ओम प्रसाद शाह कानु | १२०७१ | सिमरा | गन्जभवानीपुर | शाखा प्रबन्धक |
| ६१ | श्री कमलेश झा | ११५७४ | सिरहा | राजबिराज | शाखा प्रबन्धक |
| ६२ | श्री परशुराम माझी | ११६३८ | सुखिपुर | हनुमाननगर | शाखा प्रबन्धक |
| ६३ | श्री पवन कुमार सापकोटा | ११२१८ | २ नं. प्रदेश कार्यालय | जनकपुर | शाखा प्रबन्धक |
| ६४ | श्री नरसिंह नारायण यादव | ११३९४ | २ नं. प्रदेश कार्यालय | बिरगन्ज | शाखा प्रबन्धक |
| ६५ | श्री शिव पौडेल | १२०६५ | गाईघाट | बेलवारी | शाखा प्रबन्धक |
| ६६ | श्री मन्जुर राईन | १२५३० | सिरहा | जलेश्वर | शाखा प्रबन्धक |
| ६७ | श्री प्रकास दुलाल | १२२२५ | बिरगन्ज | प्रस्ता.शा.का.चापागाँउ | शाखा प्रबन्धक |
| ६८ | श्री कृष्णदेव प्रसाद पाल | १११०९ | २ नं. प्रदेश कार्यालय | पिडारीचोक | शाखा प्रबन्धक |
| ६९ | श्री रन्जन उप्रेती | ११६८२ | बिरगन्ज | वित्त विभाग | प्रबन्धक |
| ७० | श्री सुमन पोखरेल | १२२२४ | लालबन्दी | चन्द्रपुर | शाखा प्रबन्धक |
| ७१ | श्री रामहरी भुजेल | ११६५७ | बर्दिवास | बर्दिवास (पदस्थापन) | शाखा सहायक प्रबन्धक |
| ७२ | श्री राजाराम साह कानु | १२८६९ | मौलापुर | चौतारा | सहायक |
| ७३ | श्री सन्ध्या सिंह | ११६७४ | वित्त विभाग | श्रीपुर | शाखा प्रबन्धक |
| ७४ | श्री मणिराज विश्वकर्मा | १२५०८ | चन्द्रपुर | सुखिपुर | शाखा प्रबन्धक |
| ७५ | श्री सुनिल कुमार भण्डारी | १२५३६ | राजबिराज | सिमरा | शाखा प्रबन्धक |
| ७६ | श्री अजय प्रताप गौतम | १००६१ | राजबिराज | राजबिराज (पदस्थापन) | शाखा सहायक प्रबन्धक |
| ७७ | श्री निरज कुमार झा | १२९६५ | राजबिराज | राजबिराज (पदस्थापन) | नगद सहायक |
| ७८ | श्री मान बहादुर बिष्ट | ११६४१ | लाहान | दिङ्ला | शाखा प्रबन्धक |
| ७९ | श्री दिनेश कुमार राई | ११५७२ | बनेपा | कम्प्लायन्स विभाग | उप प्रबन्धक |
| ८० | श्री सुजन कुमार ढकाल | ११४६५ | भकुण्डेबेशी | सानोठिमी | शाखा सहायक प्रबन्धक |
| ८१ | श्री प्रवेश सिन्धुलिया | ११८८१ | भिमान | कलैया | शाखा प्रबन्धक |
| ८२ | श्री बिनोद पौडेल | ११०८४ | बुढानिलकण्ठ | त्रि.अ.वि. | शाखा प्रबन्धक |
| ८३ | श्री अनिरुद्र उपाध्याय | ११०५८ | धादिङ्ग | मार्केटिङ्ग विभाग | उप प्रबन्धक |
| ८४ | श्री बिनोद प्रसाद सापकोटा | ११११४ | धुलिखेल | सुर्यबिनायक | शाखा प्रबन्धक |
| ८५ | श्री बेद प्रसाद खनाल | ११०६४ | गौशाला | ब्रान्च अपरेशन विभाग | प्रबन्धक |
| ८६ | श्री प्रकाश प्रसाद सेढाई | १२२२७ | जलविरे | बलम्वु | शाखा प्रबन्धक |
| ८७ | श्री महेन्द्र गुरुङ्ग | ११५९७ | कलंकी | बालाजु | शाखा प्रबन्धक |
| ८८ | श्री डम्बर बहादुर रोकाया | १२२६७ | कालिकास्थान | साँघुटार | शाखा प्रबन्धक |
| ८९ | श्री नारायण बहादुर बलायर | ११६१७ | किर्तिपुर | बुढानिलकण्ठ | शाखा प्रबन्धक |
| ९० | श्री दिपक प्रसाद मुडभरी | ११२०९ | ललितपुर | सामान्य सेवा विभाग | उप प्रमुख |
| ९१ | श्री मनोज विलास पन्त | ११०८० | नारायणगढ | भरतपुर | शाखा प्रबन्धक |
| ९२ | श्री बिक्रम मान श्रेष्ठ | ११२५० | पुल्चोक | थापाथली | शाखा प्रबन्धक |
| ९३ | श्री सुन्दर सुवाल | ११७८५ | साँघुटार | कालिकास्थान | शाखा प्रबन्धक |
| ९४ | श्री सरोज कोईराला | १११०० | सानोठिमी | कलंकी | शाखा प्रबन्धक |
| ९५ | श्री खिलराज भट्टराई | ११६२८ | सिन्धुली | सानोठिमी | शाखा प्रबन्धक |
| ९६ | श्री मुरारी प्रसाद दङ्गाल | ११०७५ | सुर्यबिनायक | गौशाला | शाखा प्रबन्धक |
| ९७ | श्री प्रधुम्न कार्की | ११२१७ | थापाथली | भोटाहिटी | शाखा प्रबन्धक |
| ९८ | श्री निषा पछाई | ११५८५ | त्रि.अ.वि. | पुल्चोक | शाखा प्रबन्धक |
| ९९ | श्री बेद प्रसाद आचार्य | ११०६५ | बालाजु | यो., अ. व्यव.सू.प्र. विभाग | प्रबन्धक |
| १०० | श्री राजेन्द्र प्रजापती | ११६६० | सुर्यबिनायक | भिमान | शाखा प्रबन्धक |
| १०१ | श्री ईश्वर थापा मगर | ११५११ | ललितपुर | रातामाटा | शाखा प्रबन्धक |
| १०२ | श्री ओमा सिवाकोटी | १२२१९ | संस्था. सा.म.कजा विभाग | भोटाहिटी | शाखा सहायक प्रबन्धक |
| १०३ | श्री शृजना बज्राचार्य | १२४८५ | ललितपुर | ललितपुर (पदस्थापन) | शाखा प्रबन्धक |
| १०४ | श्री जिवन मान सैंन्जु | १२०५५ | बनेपा | भकुण्डेबेशी | शाखा प्रबन्धक |
| १०५ | श्री दिपक न्यौपाने | १२०९६ | धादिङ्ग | धादिङ्ग (पदस्थापन) | शाखा प्रबन्धक |
| १०६ | श्री रामचन्द्र रायमाझी | १२१४० | जलविरे | जलविरे (पदस्थापन) | शाखा प्रबन्धक |

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १०७ | श्री सन्तोष सोती | ११४०१ | भरतपुर | गैडाकोट | शाखा प्रबन्धक |
| १०८ | श्री दुश्यन्त राज निरौला | १११८४ | भोटाहिटी | जोखिम व्यवस्थापन विभाग | उप प्रमुख |
| १०९ | श्री रत्ना शाक्य | ११८३५ | मैतीदेवी | चौतारा | शाखा प्रबन्धक |
| ११० | श्री एलिशा कायस्थ | १२५२७ | धुलिखेल | कमलबिनायक | शाखा प्रबन्धक |
| १११ | श्री जगन्नाथ अधिकारी | ११६९८ | ठमेल | बनेपा | शाखा प्रबन्धक |
| ११२ | श्री नविना ढकाल | १२५११ | कोटेश्वर | भुक्तानी तथा फर्स्यौट विभाग | सहायक प्रबन्धक |
| ११३ | श्री सुर्य कृष्ण चौलागाई | १२४९८ | रातामाटा | वित्त विभाग | सहायक प्रबन्धक |
| ११४ | श्री श्रीधर घिमिरे | ११६०७ | आंबुखैरेनी | ताल्चोक | शाखा प्रबन्धक |
| ११५ | श्री कविराज भण्डारी | १२२४४ | आरुघाट | थली | शाखा प्रबन्धक |
| ११६ | श्री बिजय प्रकाश पौडेल | ११७४७ | बाग्लुङ्गबजार | कोटेश्वर | शाखा प्रबन्धक |
| ११७ | श्री अर्जुन तिवारी | १२२३५ | बेनीबजार | आंबुखैरेनी | शाखा प्रबन्धक |
| ११८ | श्री सन्जय तिखतरी | १२१०२ | भच्चेक | फलेवास | शाखा प्रबन्धक |
| ११९ | श्री कृष्ण पन्थी | ११४३२ | गैडाकोट | बुटवल खस्यौली | शाखा सहायक प्रबन्धक |
| १२० | श्री रामेश्वर खनाल | ११६०९ | पार्दी | किर्तिपुर | शाखा प्रबन्धक |
| १२१ | श्री तोरण बहादुर वि.क. | १२०५७ | फलेवास | कुश्मा | शाखा प्रबन्धक |
| १२२ | श्री नवराज ढ(ङ्गाना | ११७४८ | कुश्मा | बाग्लुङ्गबजार | शाखा प्रबन्धक |
| १२३ | श्री सन्जिव सुवेदी | ११६०० | ताल्चोक | पार्दी | शाखा प्रबन्धक |
| १२४ | श्री बिमल पौडेल | १२५७८ | मुस्ताङ्ग | भच्चेक | शाखा प्रबन्धक |
| १२५ | श्री तुलसीमणि अधिकारी | ११५४३ | खैरेनीटार | बेनीबजार | शाखा प्रबन्धक |
| १२६ | श्री ज्ञानुरुपा पौडेल | ११५१२ | पार्दी | खैरेनीटार | शाखा प्रबन्धक |
| १२७ | श्री विवेक दाहाल | १२६४० | लेकसाईड | मुस्ताङ्ग | शाखा प्रबन्धक |
| १२८ | श्री आकृति तिमिल्सिना | १२१६२ | महेन्द्रपुल | लेकसाईड | शाखा सहायक प्रबन्धक |
| १२९ | श्री रामजी पोखरेल | ११४३० | बाणगंगा | कोटिहवा | शाखा प्रबन्धक |
| १३० | श्री मुन बहादुर बुढा | ११४३८ | होलेरी | कर्णाली प्रदेश कार्यालय | सहायक प्रबन्धक |
| १३१ | श्री भोजराज काफ्ले | ११०७० | परासी | २ नं. प्रदेश कार्यालय | प्रबन्धक |
| १३२ | श्री अर्जुन राज काफ्ले | १२०९८ | सुरजपुरा | तौलिहवा | शाखा प्रबन्धक |
| १३३ | श्री सरोज आचार्य | ११६२२ | तौलिहवा | लुम्बिनी प्रदेश कार्यालय | उप प्रबन्धक |
| १३४ | श्री कृष्ण प्रसाद आचार्य | ११४३५ | ठाडा | सुरजपुरा | शाखा प्रबन्धक |
| १३५ | श्री ध्रुव पाण्डे | १२१९३ | बाणगंगा | ठाडा | शाखा प्रबन्धक |
| १३६ | श्री कृष्ण प्रसाद अर्याल | १२३०९ | परासी | बर्दघाट | शाखा प्रबन्धक |
| १३७ | श्री बच्चुलाल गुप्ता | ११७६६ | भुरिगाँउ | खजुरा | शाखा सहायक प्रबन्धक |
| १३८ | श्री मदनराज डोटेल | ११५७३ | बर्दघाट | परासी | शाखा प्रबन्धक |
| १३९ | श्री रोमनाथ न्यौपाने | ११९६६ | बुटवल खस्यौली | बाणगंगा | शाखा प्रबन्धक |
| १४० | श्री हिकमत बहादुर कार्की | ११९०९ | चौरजहारी | मेहेल्कुना | शाखा प्रबन्धक |
| १४१ | श्री चिरनजीवि गिरी | ११८२७ | मेहेल्कुना | जुम्ला | शाखा प्रबन्धक |
| १४२ | श्री ओम बहादुर शाही | १०९१३ | जुम्ला | दुल्लु | शाखा प्रबन्धक |
| १४३ | श्री कृष्ण प्रसाद उपाध्याय | ११४५६ | दुल्लु | चौरजहारी | शाखा प्रबन्धक |
| १४४ | श्री गोरख बहादुर शाही | ११४०७ | वित्त विभाग | मान्म | शाखा प्रबन्धक |
| १४५ | श्री हरेन्द्र वोहोरा | ११४३९ | मुगु | लुम्बिनी प्रदेश कार्यालय | सहायक प्रबन्धक |
| १४६ | श्री चुडामणि के.सी. | १२५१२ | दुनै | सल्यान | शाखा प्रबन्धक |
| १४७ | श्री बिनोद शर्मा | १२५९६ | छार्कातामसोङ्ग | बर्दघाट | शाखा सहायक प्रबन्धक |
| १४८ | श्री भिम सुनार | १२६१० | डोल्पोबौद्ध | सल्यान | शाखा सहायक प्रबन्धक |
| १४९ | श्री शिव तिवारी | १२६४८ | मुडकेचुला | भजनी | शाखा सहायक प्रबन्धक |
| १५० | श्री मेनका कण्डेल | १२६२५ | तुल्सीपुर | तुल्सीपुर (पदस्थापन) | नगद सहायक |
| १५१ | श्री लक्ष्मी गुप्ता | १२९८८ | छार्कातामसोङ्ग | दुनै | सहायक |
| १५२ | श्री ठोक्रे विष्ट | ११४०२ | सुर्खेत | मुगु | शाखा प्रबन्धक |
| १५३ | श्री अन्जित सिंह | ११५५५ | बर्दघाट | डोल्पोबौद्ध | शाखा प्रबन्धक |
| १५४ | श्री सन्तोष ओड | १२११२ | भजनी | दुनै | शाखा प्रबन्धक |
| १५५ | श्री दिपेन्द्र सुनार | १२२७४ | तुल्सीपुर | छार्कातामसोङ्ग | शाखा प्रबन्धक |
| १५६ | श्री विश्व दिप अर्याल | १२१०९ | बिजुवार | मुडकेचुला | शाखा प्रबन्धक |
| १५७ | श्री प्रकाश बहादुर विष्ट | १२२६८ | बभाङ्ग | भजनी | शाखा प्रबन्धक |
| १५८ | श्री ज्ञानसिंह चौधरी | १००९५ | भजनी | सु.प.प्र.कार्यालय, धनगढी | सहायक प्रबन्धक |
| १५९ | श्री शान्तराज जोशी | ११४२३ | डडेल्धुरा | बभाङ्ग | शाखा प्रबन्धक |
| १६० | श्री हर्कसिंह धामी | ११४२८ | डोटी | महेन्द्रनगर | शाखा सहायक प्रबन्धक |
| १६१ | श्री किशन राम लोहार | ११४२७ | हसुलिया | शिवसरोजस्थल | शाखा प्रबन्धक |
| १६२ | श्री हेमराज जोशी | १००७१ | शिवसरोजस्थल | सु.प.प्र.कार्यालय, धनगढी | सहायक प्रबन्धक |

| क्र.सं. | नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १६३ | श्री महेश चौधरी | १२५४२ | महेन्द्रनगर | होलेरी | शाखा प्रबन्धक |
| १६४ | श्री टेक बहादुर ऐर | ९६९५ | सम्पती व्यवस्थापन विभाग | डडेलधुरा | शाखा प्रबन्धक |
| १६५ | श्री चन्द्र प्रकाश तिमिल्सेना | १२५१४ | दिपायल | प्युठान | शाखा प्रबन्धक |
| १६६ | श्री सुवोद कुमार पाण्डे | १२५८८ | दिपायल | दिपायल (पदस्थापन) | शाखा सहायक प्रबन्धक |
| १६७ | श्री धर्म प्रसाद खनाल | १२६४५ | मंगलसेन | आरुघाट | शाखा प्रबन्धक |
| १६८ | श्री तुलसी देवी शर्मा | १२४९७ | डोटी | भुरीगाँउ | शाखा सहायक प्रबन्धक |
| १६९ | श्री पदमराज जोशी | १२२७९ | अतरिया | डोटी | शाखा प्रबन्धक |
| १७० | श्री मिन बहादुर चौधरी | १२५७१ | महेन्द्रनगर | सु.प.प्र.कार्यालय, धनगढी | सहायक प्रबन्धक (कृषि) |
| १७१ | श्री अरुण कुमार महरा | १२६४२ | सु.प.प्र.कार्यालय, धनगढी | हसुलिया | शाखा प्रबन्धक |
| १७२ | श्री युवराज उप्रेती | ११०९५ | दमक | दमक (पदस्थापन) | शाखा प्रबन्धक |
| १७३ | श्री सुमन आचार्य | ११५८१ | दुहवी | १ नं. प्रदेश कार्यालय | उप प्रबन्धक |
| १७४ | श्री उमेश नेपाल | ११६२७ | राजबिराज | धरान | शाखा प्रबन्धक |
| १७५ | श्री भोला कुमार कार्की | १११०२ | लाहान | कर्जा असूली विभाग | प्रबन्धक |
| १७६ | श्री नारायण बहादुर बलायर | ११६१७ | किर्तिपुर | कलंकी | शाखा प्रबन्धक |
| १७७ | श्री सरोज कोईराला | १११०० | सानोठिमी | ट्रेजरी विभाग | प्रबन्धक |
| १७८ | श्री हरेन्द्र वोहोरा | ११४३९ | मुगु | सुर्खेत | शाखा सहायक प्रबन्धक |
| १७९ | श्री निरोज कुमार श्रेष्ठ | ११५९८ | संस्था.सा.म.कर्जा विभाग | बुढानिलकण्ठ | शाखा प्रबन्धक |
| १८० | श्री भोला रावल | १२४८१ | कोल्टी | बयलपाटा | शाखा प्रबन्धक |
| १८१ | श्री पुर्ण बहादुर कुँवर | ११४०८ | बयलपाटा | डोटी | शाखा प्रबन्धक |
| १८२ | श्री पदमराज जोशी | १२२७९ | अतरिया | मैतीदेवी | सहायक प्रबन्धक |
| १८३ | श्री कुमारी रेणुका सिंह | ११५७० | देवकोटाचोक | १ नं. प्रदेश कार्यालय | उप प्रबन्धक |
| १८४ | श्री सुन्दर सुवाल | ११७८५ | साँघुटार | साँघुटार (पदस्थापन) | शाखा प्रबन्धक |
| १८५ | श्री रमेश भट्टराई | ११४४१ | महेन्द्रचोक | कटहरी | शाखा प्रबन्धक |
| १८६ | श्री अनु श्रेष्ठ | ११९३० | बरगाछी | महेन्द्रचोक | शाखा सहायक प्रबन्धक |
| १८७ | श्री तुलसीमणि अधिकारी | ११५४३ | खैरेनीटार | लेकसाईड | शाखा प्रबन्धक |
| १८८ | श्री डम्बर बहादुर रोकाया | १२२६७ | कालिकास्थान | कालिकास्थान (पदस्थापन) | शाखा प्रबन्धक |
| १८९ | श्री कमला तिम्सिना | ११५९५ | लेकसाइड | सिकाई तथा विकास विभाग | उप प्रबन्धक |
| १९० | श्री पवन कुमार सापकोटा | ११२१८ | २ नं. प्रदेश कार्यालय | आ.ले.प.विभाग | प्रबन्धक |
| १९१ | श्री कृष्ण प्रसाद पौडेल | ११०७२ | क.अ. तथा असुली विभाग | जनकपुर | शाखा प्रबन्धक |
| १९२ | श्री अनिश कुमार रायमाझी | ११४५१ | खाँदवारी | कर्पोरेट | सहायक प्रबन्धक |
| १९३ | श्री बिष्णु भट्टराई | १२०६८ | दिङ्गला | गाईघाट | शाखा प्रबन्धक |
| १९४ | श्री घनश्याम निरौला | १२९६४ | बिर्तामोड | शिवगन्ज | शाखा प्रबन्धक |
| १९५ | श्री रमेश चौलागाई | ११८२१ | नक्साल | रामेछाप | शाखा प्रबन्धक |
| १९६ | श्री ईन्द्रमणि दुलाल | १२०३५ | रामेछाप | म. शा. का., काठमाण्डौ | सहायक प्रबन्धक |
| १९७ | श्री नवराज ढ(ङ्गाना | ११७४८ | कुश्मा | बेनीबजार | शाखा प्रबन्धक |
| १९८ | श्री बिमल पौडेल | १२५७८ | मुस्ताङ्ग | बाग्लुङ्गबजार | शाखा प्रबन्धक |
| १९९ | श्री अमरेन्द्र साह | १२६०८ | जलेश्वर | भच्चेक | शाखा प्रबन्धक |
| २०० | श्री द्वारीका दाहाल | ११९३८ | पशुपतिनगर | देवकोटाचोक | सहायक शाखा प्रबन्धक |
| २०१ | श्री मनोज थामसुहाङ्ग | ११७१६ | ईलामबजार | प्रस्ता.शा.का.यासोक | शाखा प्रबन्धक |
| २०२ | श्री ईन्द्र कार्की | १२५०५ | ईनरुवा | ईलामबजार | शाखा प्रबन्धक |
| २०३ | श्री सन्ध्या सिंह | ११६७४ | वित्त विभाग | २ नं. प्रदेश कार्यालय | प्रबन्धक (लेखा) |
| २०४ | श्री ओम प्रसाद शाह कानु | १२०७१ | सिमरा | श्रीपुर | शाखा प्रबन्धक |
| २०५ | श्री सुरेन्द्र प्रसाद राउत | १०१९७ | कलैया | गन्जभवानीपुर | शाखा प्रबन्धक |
| २०६ | श्री अस्मिता पौडेल | १२०७७ | गौशाला | ललितपुर | शाखा सहायक प्रबन्धक |
| २०७ | श्री हेमन्त सुवेदी | ११५३१ | बालाजु | बालाजु (पदस्थापन) | बरिष्ठ सहायक (सू.प्र.) |
| २०८ | श्री भुवन न्यौपाने | ११८०१ | किर्तिपुर | मानेभन्ज्याङ्ग | शाखा प्रबन्धक |
| २०९ | श्री प्रतिमा निरौला | १२११८ | फिदिम | फिदिम (पदस्थापन) | सहायक |
| २१० | श्री तारा बहादुर लावती | १२७३३ | फिदिम | फिदिम (पदस्थापन) | शाखा सहायक प्रबन्धक |
| २११ | श्री राम स्वार्थ शाह | १०२५४ | जनकपुर | पिडारीचोक | नगद अधिकृत |
| २१२ | श्री राजेश साह | १२४०४ | गौर | गरुडाबजार | नगद सहायक |
| २१३ | श्री सुचना तिवारी | १२७०५ | पार्दी | पार्दी (पदस्थापन) | नगद सहायक |
| २१४ | श्री सविला शर्मा | १३०१४ | बैतडी | बैतडी (पदस्थापन) | नगद सहायक |
| २१५ | श्री सुलभ रेग्मी | १२३७७ | बसन्तपुर | बसन्तपुर (पदस्थापन) | सहायक |
| २१६ | श्री सिद्धान्त खवास | १३२१८ | बसन्तपुर | बसन्तपुर (पदस्थापन) | नगद सहायक |
| २१७ | श्री लक्ष्मी देवी रायमाझी | १०८७७ | बिराटनगर | बिराटनगर (पदस्थापन) | नगद सहायक |

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
वर्ष २९ अंक १    साउन – असोज २०७८    Year 29 Vol 1    Aug. 2021 - Oct. 2021

# बैंक र नेशनल बैंकिङ्ग इन्ष्टिच्युट बीच सम्झौता

**काठमाडौं, २८ साउन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेशनल बैंकिङ्ग इन्ष्टिच्युट लिमिटेड (NBI) बीच बैंकिङ्ग तालिम संचालन गर्ने सम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले हस्ताक्षर गर्नुभएको छ । उक्त सम्झौता भएपश्चात गत वर्ष जस्तै चालु आ.ब. २०७८/०७९ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरुको कार्यदक्षता अभिबृद्धिको लागि नेशनल बैंकिङ्ग इन्ष्टिच्युटले विभिन्न विषयमा नियमित रुपमा बैंकिङ्ग तालिम प्रदान गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले लिएको उद्धेश्य हासिल गर्नको लागि नियमित रुपमा कर्मचारीहरुलाई तालिम दिईरहेको बताउँदै तालिमले बढिरहेको जोखिमको सामना गर्न सघाउ पुगेको बताउनुभयो । इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले बैंकिङ्ग क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंकले कर्मचारीलाई प्राथमिकताका साथ तालिम दिने गरेको बताउँदै तालिमले बैंकिङ्ग क्षेत्रमा भएको ज्ञानको कमीलाई पुरा गरेको बताउनुभयो । उहाँले निकट भविष्यमा नै एशियन इन्ष्टिच्युट अफ टेक्नोलोजीसँग मिलेर बैंकिङ्ग तथा वित्तीय विषयमा एकवर्षे




स्नातकोत्तर तहको शैक्षिक कार्यक्रम शुरु गर्ने समेत जानकारी दिनुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत कविराज अधिकारीले कार्यक्रमबारे प्रकाश पार्नु भएको थियो भने सिकाइ तथा विकास विभागका विभागीय प्रमुख दीपकराज न्यौपानेले कार्यक्रम संचालन गर्नुभएको थियो ।

उक्त समारोहमा बैंकका उपकार्यकारी अधिकृतद्धय देवेश प्रसाद लोहनी, देवेन्द्र रमण खनाल, मानव संशाधन विभागका प्रमुख भीमप्रसाद घिमिरे, कम्पनी सचिव भोलानाथ पौडेल, नेशनल बैंकिङ्ग इन्ष्टिच्युटका तर्फबाट हेड अफ प्रोग्राम धन थापा, प्रोग्राम म्यानेजर दर्पण श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो ।

## ब्रान्च प्रोफाइल

### शाखा कार्यालय अमरसिंहचोक (३४८)

**(आ.ब. २०७६।०७७ को 'क' वर्गमध्ये प्रथम भएको शाखा)**




| | |
|---|---|
| कुल निक्षेप | : रु. १,२६,९०,७२,२८८।७६ |
| कुल कर्जा | : रु. २,७७,२७,३७,०६६।१५ |
| नाफा/नोक्सान | : रु. २१,१५,९७,३३०।- |
| कुल ग्राहक संख्या | : १८४७८ |
| कुल कर्मचारी संख्या | : ८ |
| शाखा प्रबन्धक | : लेखनाथ अधिकारी |
| शाखा कार्यालयको स्थापना | : २०६० माघ महिना |

**सफलताको रहस्य :**

कुशल एवम् प्रवाभकारी नेतृत्व सामुहिक सहकार्य एकता उच्च मनोवल, ग्राहकमैत्री व्यवहार, श्रोत र साधनको अधिकतम उपयोग, केन्द्रीय तथा प्रदेश कार्यालयको सहयोग समन्वय, कर्जाको विस्तार तथा नियमित अनुगमन, शाखामा कार्यारत कर्मचारीहरुको लगनशिलता, निर्णय प्रकृयामा सहकर्मीहरुको सहभागीता तथा समझदारीमा कार्य सम्पन्न आदि ।

## समवेदना

यस बैंकका शा.का. सानोठिमीमा कार्यरत सहायक कल्पना थापा (१००८०), शा.का. बाजुरामा कार्यरत कार्यालय सहयोगी करार कौशल बहादुर रावल (१२००२) की आमा शारदादेबी रावल, शा.का. बेलवरीमा कार्यरत सुरक्षागार्ड प्रमोदकुमार परियार (१२३६३) की आमा सीता परियार, शा.का. महाराजगंजमा कार्यरत सहायक शाखा प्रबन्धक महेश सिग्देल (१११13) की आमा मेनकादेबी सिग्देल, शा.का. ललितपुरमा कार्यरत नगद सहायक निराजन घिमिरे (१२३६६) की आमा गोमा घिमिरे, शा.का. इटहरीमा कार्यरत बरिष्ठ सहायक राजकुमार घिमिरे (१०८१३) की आमा देबी घिमिरे, के.का. मानव संशाधन विभागमा कार्यरत प्रबन्धक (कानून) सानुभाई खड्का (११३८१) का पिता शिवराम खड्का, मु.शा.का. विशालबजारमा कार्यरत सहायक रोशन खड्गी(शाही)(१२२५८) का पिता बलराम खड्गी, के.का. कम्प्लायन्स विभागमा कार्यरत सहायक श्रृति माझी (१२७८७) की पिता श्यामकुमार माझी, शा.का. खरानीटारमा कार्यरत सहायक महमद जुवेर अन्सारी (१३१४८) का पिता इस्लाम मियां अन्सारी, शा.का. दरबारमार्गमा कार्यरत बरिष्ठ सहायक प्रकाश ढकाल (१२२५७) की आमा सूर्यकुमारी ढकाल, शा.का. बर्दिबासमा कार्यरत बरिष्ठ सहायक श्रवणकुमार सिंह (११६५९) की आमा रामपरी देबी कोइरीन, शा.का. धादिङ्गमा कार्यरत सहायक प्रबन्धक शान्ता खरेल (९०६९) की आमा योगमाया खरेल, शा.का. दरबारमार्गमा कार्यरत कार्यालय सहयोगी रविन्द्र मघैया (१२४७५) की आमा पंचमाया मघैया, शा.का.भद्रपुरमा कार्यरत सहायक प्रज्वल ओझा(११९३६) का बुवा नुमनाथ ओझा, शा.का.इलामबजारमा कार्यरत सहायक शाखा प्रबन्धक मनोज थाम्सुहाङ्ग (११७१६) की आमा विमलाकुमारी थाम्सुहाङ्ग, शा.का. सिमिकोटमा कार्यरत नगद सहायक भक्तबहादुर बोहरा (१११२३) का बुबा कर्ण बोहरा, शा.का. टांगीकोटमा कार्यरत सहायक हिमाल विक्रम वागदास (१३०८०) का बुबा डम्बरबहादुर दर्जी, शा.का. सिमिकोटमा कार्यरत सहायक शाखा प्रबन्धक मानबहादुर शाही(१११२४) की आमा रुपदरा शाही, कर्पोरेट शाखामा कार्यरत सहायक शाखा प्रबन्धक सविना तण्डुकार(११६७९) की ससुरा चिन्तामणि न्यौपाने, २ नं. प्रादेशिक कार्यालयमा कार्यरत सहायक उमेशकुमार केशरी (११७३३) का बुबा रघुनाथ केशरी, शा.का. बेलवारीमा कार्यरत सुरक्षगार्ड राजकुमार प्रधान(११२८५) का बुबा गणेशकुमार प्रधानको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: P.S. Printing Press, Bhaktapur